**संघीय संसद**
**राष्ट्रिय सभा**
**चौथो अधिवेशन**
**बैठक - ३८**
**सूचना पत्र - २**
**(बैठकको कारवाहीको संक्षिप्त विवरण)**

**२०७६ भाद्र ६ गते शुक्रबार**

संघीय संसद, राष्ट्रिय सभाको चौथो अधिवेशनको अठतीसौं बैठक सम्माननीय अध्यक्ष गणेश प्रसाद तिमिल्सीनाको अध्यक्षतामा **विहान ११:०५** बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय अध्यक्षले “विशेष समय” मा बोल्नको लागि दलीय आधारमा निम्न बमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो :

**मा. भैरव सुन्दर श्रेष्ठ**ले सुर्खेत जिल्ला, वीरेन्द्रनगर नगरपालिका-१२ निवासी भ्याली इन्स्टिच्यूट, कीर्तिपुरमा कोरियन भाषा अध्ययनरत विष्णुप्रसाद जैशीको गत श्रावण २७ गते रहस्यमय ढङ्गले भएको निधन उपर उनका पिताले जाहेरी किटानी गर्दा समेत प्रहरीले इन्स्टिच्यूट तथा होस्टेल सञ्चालकलाई पक्राउ नगरेकोमा आपत्ति प्रकट गर्नुहुँदै तिनलाई शीघ्र पक्राउ गरी छानविन गर्न माग गर्नुभयो । त्यसैगरी उहाँले काठमाडौंका मुख्यमुख्य ठाउँमा ट्राफिक बत्ती तथा सीसीटीभी क्यामेरा जडान नहुँदा ठूलो संख्यामा प्रहरी जनशक्ति जोखिम मोलेर काम गर्नुपर्ने अवस्था भएकोले यसतर्फ सरकारले यथाशीघ्र काम गर्नुपर्नेमा जोड दिनुभयो ।

**मा. बद्री प्रसाद पाण्डे**ले पहिरोको उच्च जोखिममा रहेका बाजुरा जिल्लाका विभिन्न ठाउँको जानकारी गराउनुहुँदै उच्च पहाडी तथा हिमाली जिल्लामा ग्रामीण वस्ती विकासका निम्ति अध्ययन गर्न तत्कालीन राष्ट्रिय योजना आयोगका सदस्य डा. प्रेम प्रसाद दङ्गालको संयोजकत्वमा बनेको अध्ययन कार्यदलले दिएको प्रतिवेदनमा उल्लिखित वस्ती विकासका आधारलाई सरकारले मनन गर्नुपर्ने र तीनै तहका सरकारको संयोजनमा एकीकृत वस्ती विकास कार्यक्रम प्रारम्भ गर्नुपर्नेमा जोड दिनुभयो ।

**मा. खेमराज नेपाली**ले रेडियो नेपालको केन्द्रीय प्रसारणबाट मैथिली र भोजपुरी भाषा हटाइएको भन्ने सुन्नमा आएकोले त्यसबारे सत्यतथ्य जानकारी गराई भएको त्रुटि सच्याउन सम्बन्धित निकायको ध्यानाकर्षण गराउनुभयो ।

**मा. रामपृत पासवान**ले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सीटीईभीटी) ले हालसालै प्रकाशित ‘प्रोफिसियन्सी सर्टिफिकेट इन जनरल मेडिसिन’ को नतिजामा दलित कोटामा गैरदलितको नाम निकालिएको भन्दै सम्बन्धित निकायसँग स्पष्टीकरण माग गर्नुभयो । त्यसैगरी उहाँले वीरगञ्जको नेशनल मेडिकल कलेजमा नेपाल सरकारबाट प्रदान गरिने छात्रवृत्तिमा अध्ययनरत रामजी राम लगायतका विद्यार्थीलाई कलेज सञ्चालकले नेपाल सरकारले तिर्नुपर्ने रु. छत्तीस लाख तिरिसक्दा समेत विभिन्न नाममा लाखौं रुपैयाँको बोझ थुपारी उक्त रकम नतिरेमा परीक्षाबाट वञ्चित गराउने डरत्रास र धम्की दिएकोले यसतर्फ सरकारको ध्यानाकर्षण गराउनुभयो ।

**मा. कमला कुमारी ओली**ले नेपाल सरकारले सन् २०२० लाई नेपाल भ्रमण वर्षलाई सफलीभूत तुल्याउन पूर्वदेखि पश्चिमसम्मका पर्यटकीय स्थलको प्रचारप्रसार, नयाँनयाँ गन्तव्य स्थलको पहिचान, विकास र प्रवर्द्धन, प्रमुख पर्यटकीय स्थानलाई आकर्षक स्थलको रूपमा विकास गर्न स्तरीय सडक, ठूला सभाहल तथा सम्मेलन केन्द्र जस्ता पूर्वाधारको विकास गर्ने योजनालाई तत्काल कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो ।

**मा. जितेन्द्र नारायण देव**ले लामो समयदेखि छिमेकी मुलुक भारत र चीनसँग नेपालको परराष्ट्र सम्बन्ध सन्तुलनका आधारमा चल्दै आएकोमा हाल असन्तुलित बन्दै गएकोतर्फ चिन्ता व्यक्त गर्नुभयो । त्यसैगरी उहाँले नेपाल-भारत प्रबुद्ध समूह (ईपीजी) को कम्पोजिशन गठन गर्दा व्यापक रूपमा छलफल हुन नसकेको बताउनुहुँदै काश्मिरको मुद्दामा नेपाल सरकारको धारणा आउनु पर्नेमा जोड दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले राष्ट्रपति कार्यालयबाट प्राप्त पत्रको देहाय बमोजिमको व्यहोरा पढेर सुनाउनुभयो :

"सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूबाट सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीज्यू स्वास्थ्य परीक्षणको सिलसिलामा सम्वत् २०७६ साल भदौ ५ गते बिहीबार सिंगापुरतर्फ प्रस्थान गर्नुहुने भएकोले प्रधानमन्त्रीको अनुपस्थितिमा प्रधानमन्त्रीले गर्ने दैनिक प्रशासनिक कार्य नेपालको संविधान बमोजिम प्रधानमन्त्रीको सिफारिसमा माननीय उपप्रधान तथा रक्षा मन्त्री ईश्वर पोखरेलले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु ।

आज्ञाले<br>
विनोद के.सी.<br>
सचिव"

मिति : २०७६/५/५

तत्पश्चात्, सम्माननीय अध्यक्षले राष्ट्रिय सभाका सचिव राजेन्द्र फुयाललाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "वन विधेयक, २०७५" लाई सभा समक्ष टेबुल गर्न समय उपलब्ध गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय वन तथा वातावरण मन्त्री शक्ति बहादुर बस्नेतलाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "वातावरण संरक्षण विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय वन तथा वातावरण मन्त्री शक्ति बहादुर बस्नेतले पेश गर्नु भएको "वातावरण संरक्षण विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि सैद्धान्तिक पक्षमा मात्र छलफलमा हुने जानकारी गराउनुहुँदै उक्त प्रस्तावमाथिको छलफलमा भाग लिने निम्न बमोजिमका माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउनुभयो :

| | | |
|---|---|---|
| १. मा. खिमलाल भट्टराई | २. मा. कोमल वली | ३. मा. प्रकाश पन्थ |
| ४. मा. रमेश प्रसाद यादव | ५. मा. जितेन्द्र नारायण देव | ६. मा. डा. विमला राई पौडयाल |

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय वन तथा वातावरण मन्त्री शक्ति बहादुर बस्नेतलाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन अनुमति दिनुहुँदै "वातावरण संरक्षण विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल समाप्त भएको जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले "वातावरण संरक्षण विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा **सर्वसम्मति**ले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले "वातावरण संरक्षण विधेयक, २०७६" माथि संशोधन प्रस्ताव राख्न चाहने माननीय सदस्यहरूले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०६ बमोजिम राष्ट्रिय सभा अन्तर्गतको विधेयक शाखा, सिंहदरबारमा संशोधन प्रस्ताव दर्ता गर्न सक्ने व्यहोरा जानकारी गराउनुभयो ।

तदनन्तर, सम्माननीय अध्यक्षले सभाको अर्को बैठक सम्वत् **२०७६ साल भाद्र ८ गते आइतबार दिनको १:०० बजे** बस्ने गरी **दिनको १२:५० बजे** बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

(मनोहरप्रसाद भट्टराई)<br>
संघीय संसदको महासचिव